# यूराशिया तरङ्ग

युवा विशेषाङ्क

वर्ष ५, अंक ११, मे २०१२


## यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूले युवाहरुलाई प्रदान गर्नुभएको मार्गनिर्देशनः

आ-आफ्नो देशका युवाहरूलाई राष्ट्रियताको भावना बोक्न लगाउनु पर्छ । आफ्नो देशमा जन्म लिन पाएको प्रति कृतज्ञ नभई हुन्न भन्ने भावना जागृत गराउने । देशप्रति के चाँहि गरेर गुण फर्काउन सकिन्छ त ? यो नै रेयूकाईका युवाहरूको जिम्मेवारी र कर्तब्य हो । आफ्नो जिम्मेवारी र कर्तब्य पूरा गरी परिणाम प्रति आशा लिन लगाउने कुरा आज महत्वपूर्ण छ । शुरू कहिले गर्ने भन्दा आजैबाट हो । आज नै महत्वपूर्ण हुन्छ । आजको आफू बन्नुपर्छ, भोलि होईन । प्रकाशमय उज्यालो सूर्य जस्तै भई सबैलाई प्रभाव पार्ने, आशा दिन सक्ने युवाको स्वरूप बन्नु पर्छ ।



- ❖ अबदेखि युवाले देशभक्तिको भावना लिई नेतृत्व लिदैं पुस्तौं पुस्तासम्म युवा भावना लिई कार्यान्वयन गर्ने मौका पाउने ।
- ❖ आफू बसेको समाजप्रति, जन्मेर आएको देशप्रति, यूराशिया महाद्वीपप्रति के अपिल नगरीकन हुँदैन भन्ने जवाफ दिन सक्ने युवा नबनिकन हुँदैन ।
- ❖ युवाहरूलाई राम्रोसँग हुर्काउने । युवाको लक्ष्य के हो त ? भनेर नबुझाईकन हुँदैन ।
- ❖ युवाहरू उत्साहजनक रूपमा दत्तचित्त भई आ-आफ्नो देशको विकासको लागि आफ्नो बलले मात्र नभई आफ्नो अभ्यासको पुण्यफलको बलले कार्यान्वयन गरी यूराशिया महाद्वीपलाई बचाउँदै जाने युवा नबनिकन हुँदैन ।
- ❖ आफ्नो देशलाई बचाउने, आफ्नो खराब चरित्रलाई परिवर्तन गर्ने र महान् रेयूकाई शिक्षालाई दैनिक कार्यान्वयन गरी आफूबाट अरूलाई प्रभावित गरी मानिसको मनलाई परिवर्तन गराउने युवा बनौं ।
- ❖ युवाहरूले खाली कानले मात्र सुन्छन्, सुनेको कुरा कार्यान्वयन गर्दैनन् । महत्वपूर्ण कुरा सुन्दा पनि आत्माले अर्कै कुरा सोचिरहेका हुन्छन् । त्यसैले जतिनै कानले सुनेर आत्माभित्र पसाउन सोचे पनि त्यो भित्र जाँदैन । त्यसको कार्यान्वयन हुँदैन, यस्तो भई हाल्छ । त्यसलाई कार्यान्वयन गराउनको लागि महाओन्सी कोतानीज्यूले एकदमै कडा रूपमा ठूलो आवाजले व्यक्तिहरूको चरित्रलाई सुधार्नको लागि गाली गर्नु हुन्थ्यो, सधै सचेत गराउने गर्नुहुन्थ्यो । यो नै दया हो, गालि गर्नु पनि दया हो भन्नु हुन्थ्यो किनकी त्यो व्यक्तिको खराब चरित्र निकाली राम्रो बनाउँ भनेर गालि गर्नु हुन्थ्यो । जापानमा महाओन्सी कोतानीज्यूले अब युवाहरूले जिम्मेवारी नबोकिकन हुँदैन भनि रेयूकाईका युवाहरूले अभ्यास गर्ने थलोको रूपमा जापानमा मिरोकुसान निर्माण गर्नुभयो । युवाहरूप्रति महाओन्सी कोतानीज्यूले त्यतिसम्म आशा लिनु भई देशको बारेमा सोच्ने, विश्वशान्तिको कामना गर्ने, समाजतिर फर्केर सामाजिक संकटको बेला सेवा गर्ने अनि त्यसलाई कार्यान्वयनमा उतार्नको लागि युवा विभाग गठन गर्नु भएको थियो ।
- ❖ यूराशिया रेयूकाईमा पनि युवा विभाग, महिला विभाग र म्योईचिकाई (बालबालिकाको समूह) को शुरूवात भईसकेको छ । युवाहरूले युवाको स्थानबाट यो देश अनि यूराशिया महाद्वीपलाई तान्दै लग्ने इन्जिन नबनिकन हुँदैंन ।

## यूराशिया रेयूकाई प्रधान कार्यालय समुद्घाटन



यूराशिया महाद्वीपमा रेयूकाई शिक्षाको विकास र बिस्तार गरी एक दिन भएपनि छिटो विश्वशान्तिमा योगदान दिन सक्ने वातावरण श्रृजना गर्न यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूको वरद बाहुलीबाट गत् ८ फेब्रुअरी २०१२ का दिन ५८-डा.पारसमणि सरानी, बंकिमनगर वडा नं. ४१, सिलिगुडी-७३४००१, पश्चिम बंगाल, भारतमा यूराशिया रेयूकाई प्रधान कार्यालयको विधिवत् समुद्घाटन गर्नु भयो । सन् १९७० को दशकबाट यूराशिया महाद्वीपमा शुरू गर्नुभई रेयूकाई शिक्षाको यात्रा भारत हुदै नेपाल, म्यानमार र बंगलादेशमा बिजारोपण गर्नुभएको कारणले यूराशिया रेयूकाईमा १६ लाखभन्दा बढि रेयूकाई सदस्यहरू क्रियाशील हुने महान् मौका प्राप्त भएको छ ।

सो समुद्घाटन समारोह केन्जीचुकी मिहाता, यूराशिया रेयूकाईको मिहाता तथा सम्पूर्ण यूराशिया रेयूकाई अन्तर्गतका मिहाता शाखाहरूको मिहाता विराजमान गरी सम्पन्न भएको थियो । यूराशिया रेयूकाईका सदस्यहरूले अझ वढि रेयूकाई शिक्षाको अभ्यास गर्न सकून् भन्ने उद्देश्यले सोही दिन यूराशिया रेयूकाई सिलिगुडी संस्कृति केन्द्रको पनि स्थापना गर्नु भयो । अब उप्रान्त सिलिगुडी क्षेत्रका रेयूकाई सदस्यहरूले रेयूकाई शिक्षाको अभ्यास गर्नलाई सहज स्थिति निर्माण हुनेछ । उक्त समारोहमा भारत, नेपाल, म्यानमार र बंगलादेशका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## यूराशिया रेयूकाई युवा विभागको कार्य योजना

**नाराः** यो देशको भूमिमा जन्मन पाएकोमा गर्व गरी राष्ट्रप्रति कृतज्ञता फर्काउने युवा बनौं ।

**लक्ष्यः** युवालाई राम्रो मौका, अझ राम्रो भविष्य, आशाको किरण लिन लगाई उत्साही बनाऔं ।

### यूराशिया रेयूकाईको युवालाई अपील

१) यो देशको भूमिमा जन्मन पाएकोमा गर्व गर्नसक्ने व्यक्ति बनौं ।

२) आफ्नो ज्ञान, सीप र कलालाई आफ्नै देशमा सदुपयोग गर्न चाहने व्यक्ति बनौं ।

३) अभिभावकप्रति कृतज्ञता फर्काउने भावना भएको व्यक्ति बनौं ।

४) राष्ट्रियताको भावना लिई देशप्रति कृतज्ञता फर्काउन सक्ने व्यक्ति बनौं ।

५) सद्धर्मपुण्डरीकसुत्रलाई कार्यान्वयन गरी कार्यान्वयन गराउने भावना भएको व्यक्ति बनौं ।

६) कर्म शुद्धीकरणको शिक्षा आफूले कार्यान्वयन गर्ने भावना भएका व्यक्ति बनौं र अरूलाई पनि बन्न लगाऔं ।

७) दयाको भावना लिई आफ्नो मात्र नभै अरूको खुशीको लागि सदैब कार्य गर्नसक्ने व्यक्ति बनौं ।

## ओदाईमोकू प्रार्थना गर्ने अभ्यास
### मिरिक, भारत



यूराशिया रेयूकाईको आयोजनामा गत ७ र ८ जनवरी २०१२ का दिन श्री लवाङ्ग तमाङ्गको संयोजकत्वमा यूराशिया रेयूकाई भारत देशका विभिन्न क्षेत्रका १०४ जनाको सहभागीतामा दार्जिलिङ्ग क्षेत्रको मिरिकमा ओदाईमाकू प्रार्थना गर्ने अभ्यास कार्यक्रम सम्पन्न भयो । यूराशिया रेयूकाईका प्रमुख सदस्यहरूलाई रेयूकाई शिक्षाको अभ्यासमा ओदाईमोकु गर्ने अभ्यास बारे यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री यूसुन मासुनागाज्यू तथा मूमा श्रीमती हिरोको मासुनागाज्यूबाट प्रशिक्षण एवं मार्गनिर्देशन प्रदान गर्नु भएको थियो । सो अभ्यास कार्यक्रममा यूराशिया रेयूकाई १५औं शाखा, २२औं शाखा, २८औं शाखाका मिहाता जिम्मेवार शिबुचोज्यूहरूले पनि मार्ग निर्देशन एवं प्रशिक्षण दिनु भएको थियो ।

## रेयूकाई एईको मासुनागा आँखा अस्पताल उज्यालो जीवन तर्फ फर्काउन क्रियाशील:



रेयूकाई एईको मासुनागा आँखा अस्पताल, बनेपाले काठमाडौंबाट पूर्वतर्फका पहाडी जिल्लाहरूलाई लक्षित गरी सेवा प्रदान गर्ने अभियानलाई तीव्र रूपमा अगाडि बढाएको छ । सन् २००७ फेब्रुअरी २२ तारिखका दिन अस्पतालका संरक्षक एवं यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूले समुद्घाटन गर्नुभई शुभारम्भ भएको अस्पतालले हालसम्म १ लाख ५ हजार ३१ जना विरामीलाई अस्पताल तथा शिविर मार्फत सेवा प्रदान गरिसकेको छ । भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली लगायतका जिल्लाहरूमा समय-समयमा शिविरहरू मार्फत सेवा पुर्‍याउँदै, आँखाको ज्योति गुम्न लागेका असंख्य व्यक्तिहरूलाई गाउँ-गाउँमा पुगी उपचार गर्दै आएको छ । बी.पी. कोईराला लायन्स नेत्र अध्ययन केन्द्र महाराजगञ्जको विशेष सहयोगमा डा. सगुन नारायण जोशी, डा. मधु थापा, डा. गुलसन बहादुर श्रेष्ठ, डा. प्रगति गौतम, डा. ईरिना कंसाकारले अस्पतालको विकासमा उल्लेख्य सहयोग पुर्‍याउँदै आउनु भएको छ । मासिक कम्तिमा पनि ३ वटा शिविर आयोजना गरी समुदायतर्फ फर्की समाजका लागि बढिभन्दा बढी योगदान पुर्‍याउने भावनालाई कार्यान्वयन गर्न पाएकोमा अस्पताल परिवारले गर्वको रूपमा लिएको छ । हालसम्म २ हजार ३ सय ६ जनाको मोतिविन्दुको शल्यक्रिया गरी अँध्यारो जीवनतर्फ लागेकाहरूलाई उज्यालो जीवनतर्फ फर्काउने मौका पाएको छ । अस्पतालको हालको भवन सानो भई विरामीप्रति माफीयुक्त भएको अवस्थालाई ध्यानमा राखी अस्पतालले जग्गा खरिद गरी नयाँ भवन निर्माण गर्न गईरहेको छ । त्यसैक्रममा ३० अप्रिल २०१२ का दिन अस्पतालका संरक्षक एवं यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूले बनेपामा नयाँ भवनको एक भव्य समारोहबीच शिलान्यास गर्नुभयो । उक्त भवन पूरा भएपछि दैनिक ३०० जना विरामीले सेवा प्राप्त गर्ने मौका पाउनेछन् ।

## यूराशिया रेयूकाई काठमाडौं संस्कृति केन्द्र उद्घाटन



विश्व शान्तिमा योगदान दिने धेरै भन्दा धेरै ब्यक्तिहरू बनाउँदै जाने महान लक्ष्य लिई प्रतिपादन भएको महान् रेयूकाई शिक्षाको अभ्यास गर्ने स्थलको रूपमा यूराशिया रेयूकाई काठमाडौं संस्कृति केन्द्रको समुद्घाटन यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूबाट १ फेब्रुअरी २०१२ का दिन सानेपा, ललितपुरस्थित यूराशिया रेयूकाई, नेपाल कार्यालयको भवनमा विधिवत समुद्घाटन भयो । काठमाण्डौं उपत्यका बाहिरका मिहाता शाखाका रेयूकाईका प्रतिनिधिहरू १६७ जना सहभागी भएको सो उद्घाटन समारोहमा संस्थापक अध्यक्षज्यू तथा मूमाज्यूबाट संस्कृति केन्द्रको महत्व तथा प्रयोग सम्बन्धमा गहन मार्ग निर्देशन प्रदान गर्नुभएको थियो । यूराशिया रेयूकाई अन्तर्गतका काठमाडौं उपत्यका बाहिरका यूराशिया रेयूकाई १३औं, १७औं, २२औं र २८औं शाखाहरूका काठमाडौं उपत्यकाभित्र रहेका सदस्यहरूलाई लक्षित गरी रेयूकाई शिक्षाको अभ्यास गर्ने थलोको रूपमा सो संस्कृति केन्द्र खोलिएको हो ।




## महागुरु किमी कोतानीज्यूको ४२औं पुण्यतिथि समारोह

९ फेब्रुअरी २०१२ का दिन ईस्कन मन्दिर परिसर, सिलिगुडी, पश्चिम बंगाल, भारतमा रेयूकाईका महागुरु किमी कोतानीज्यूको ४२औं पुण्यतिथि समारोह भव्य रूपमा सम्पन्न गरियो । यूराशिया रेयूकाईद्वारा आयोजित उक्त समारोहमा भारत, नेपाल, म्यानमार र बंगलादेशका



यूराशिया रेयूकाईका लिडर्स एवं सदस्यहरूको उपस्थिति रहेको थियो । समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूबाट महाओन्सी किमी कोतानीज्यूको योगदान बारे ब्याख्याका साथै महत्वपूर्ण मार्ग निर्देशन प्रदान गर्नुभएको थियो । समारोहको शुरूवातमा यूराशिया रेयूकाईका सदस्यहरूले रक्तदान गर्ने मौका पनि प्राप्त गर्नु भएको थियो ।

## "हँसिलो अनुहारले अभिवादन, हँसिलो अनुहारले कृतज्ञता, हँसिलो अनुहारले प्रशंसा गर्ने मौका प्राप्त गर्दै आईरहेको छु"



# खुशीको अनुभव ...........

मेरो नाम केतार नाथ मौर्य हो । मलाई यस पवित्र संस्थामा प्रवेश गराउने मेरो मिचिविकी ओया सीता भुषाल (आचार्य) हुनुहुन्छ र मेरो शिबुचो तथा शिक्षा सदस्य बिष्णुप्रसाद घिमिरे हुनुहुन्छ । म ३ मार्च २०११ मा यस पवित्र संस्थामा प्रवेश गर्ने मौका पाई हाल म होजाशुको रूपमा अभ्यास गर्ने मौका पाएको छु । म र मेरो मिचिविकी ओया एउटै कलेजको विद्यार्थी थियौं । यस संस्थामा प्रवेश गर्नुभन्दा अगाडि ममा स्वार्थीपना थियो । रेयूकाई शिक्षाको अभ्यासबाट ममा स्वार्थीपना हटेको र अरूको दुःख र पिडालाई महशुश गर्ने भएको छु । यस संस्थामा प्रवेश पश्चात् संस्थाले आयोजना गरेको उद्घोषण तालिम लिने मौका पाएर मेरो अन्तर्निहित क्षमताको विकास भयो । रेयूकाईको भेलाहरूमा सहभागी हुँदै जाँदा रेयूकाई शिक्षाको ज्ञान, अनुशासन, सदस्यहरूको व्यवहार, पूर्खास्मरण, कृतज्ञताको भावना बारे नजिकबाट बुझ्ने मौका पाएँ । मेरो ओयाबाट सिकाई पाई १४ सेप्टेम्वर २०११ का दिन आफ्नो घरमा सोकाईम्यो स्थापना गरी दैनिक पुर्खास्मरण र सुत्रपाठ चढाउने मौका पाएँ । यसले ममा अझै आत्मबल बढ्यो ।

मेरो लगनशीलता र प्रयासको कारणले मैले २ पटक स्थिरमति पहाडमा अभ्यास गर्ने मौका पाएँ । त्यहाँ ओदाईमोकुको शक्तिका साथै यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको प्रत्यक्ष मार्गनिर्देशन ग्रहण गर्ने मौका पाएँ । स्थिरमति पहाड अभ्यासबाट फर्केपछि मैले रेयूकाई शिक्षाको बिस्तार गर्दै मिचिविकी ओयाको समेत सहयोग पाई आफ्नो क्षेत्रमा मिचिविकी भेला गर्न थालें । यसैगरी आफू पढ्ने कलेजमा पनि मिचिविकी भेलामा सहभागी भएका मसँगै अध्ययन गर्ने साथीहरू र शिक्षकहरूलाई रेयूकाईको सदस्य बनाउने मौका पाएँ । मैले कलेजमा जहिले पनि नयाँ साथीहरूलाई भेट्दा रेयूकाईको कुरा गर्थें र मासिक भेलाहरूमा सिकेको कुरा सुनाउँथे । जसले गर्दा उनीहरूको नजरमा म एउटा असल साथीको रूपमा स्थापित हुन सकें । यसरी आज यस अवस्थामा छु नत्र कुन बाटोले मलाई कहाँ डोन्याउँथ्यो केहि थाहा थिएन । अभ्यासको क्रममा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले जलवायू परिवर्तनको बारेमा एकदमै चिन्ता व्यक्त गर्नुभएको थियो र जलवायु परिर्वतनका कारणले हाल विश्वमा विभिन्न किसिमका समस्याहरू देखापरेका छन् त्यसलाई न्यूनिकरण गर्नुपर्छ भन्ने भावना जागृत भयो । सोही भावना अनुसार मैले गत २०१२ जनवरीमा यूराशिया रेयूकाई २२औं शाखाले आयोजना गरेको वृक्षारोपण कार्यक्रममा सहभागी हुने मौका पाएँ र भेला समारोहहरूमा जलवायू परिवर्तन सम्बन्धी अनुभवलाई व्यक्त गर्दै समाजमा जनचेतना दिन क्रियाशील हुँदै आएको छु । साथै हँसिलो अनुहारले अभिवादन, हँसिलो अनुहारले कृतज्ञता, हँसिलो अनुहारले प्रशंसा गर्ने मौका प्राप्त गर्दै आईरहेको छु ।

मैले आफ्ना सदस्यहरूको घर घरमा सोकाईम्यो स्थापना गर्ने मौका पाई ५० जनाभन्दा बढी मिचिविकीको पुण्यफल संचित गरेर गत १० डिसेम्बर २०११ मा म सहित म अन्तर्गत २ जना सदस्यहरूले गोहोम्यो आत्माग्रहण समारोहमा सहभागी हुने मौका पाएका थिए । गोहोम्यो लेख्दा पहिला एकदमै कठिन भयो तर गोहोजालाई केन्द्रविन्दु बनाई गोहोम्यो राम्रोसँग लेख्न सकूँ भनि कामना गर्दै जाँदा आज भन्दा भोलि अनि भोली भन्दा पर्सी झन राम्रो हुँदै १०० दिनको गोहोम्यो अभ्यासलाई १०० दिन मै पूरा गर्ने मौका पाएँ । हाल मैले २८० जना मिचिविकी, ६० जनाको घरमा सोकाईम्यो स्थापना र ३३ जना जुन-होजाशु उत्पादन गर्ने मौका पाएँ ।

रेयूकाई संस्थामा प्रवेश गरेपश्चात् मेरो जीवनमा धेरै परिवर्तनहरू आएका छन् । दैनिक जीवनयापनको क्रममा मुस्कानलाई लागू गरी कार्यान्वयन गर्ने मौका पाएको छु । हाल मेरो व्यवहार र कार्यशैलीलाई देखेर छर-छिमेकमा पहिलाको केतार र अहिलेको केतारमा आकाश जमिनको फरक छ भन्छन् र सुनेर म फुरूङ्ग हुन्छु । यसरी म आफू रेयूकाई सदस्य भएकोमा गर्व महशुश गर्ने मौका पाईरहेको छु । यसरी साँच्चै नै युवावर्गलाई रेयूकाई शिक्षा दिन सके गाउँ, समाज, क्षेत्र, राष्ट्र र विश्वको विकासमा आमूल परिवर्तन गर्न सकिन्छ र विश्वशान्ति स्थापनाको उद्देश्यलाई सफल पार्न सकिन्छ भन्ने मैले महशुश गर्ने मौका पाई निरन्तर रूपमा भेलाहरूमा सहभागी हुने र मिचिबिकी गर्ने कार्यलाई निरन्तरता दिने मौका पाईरहेको छु । यस पवित्र संस्थामा अभ्यास गर्ने मौका पाएकोप्रति खुशी र गर्वलाई लिएर म आफनो जीवनको अन्तिम घडीसम्म आफनो लागि मात्र नभई अरूको खुशीको लागि कार्य गर्दै ओया संगसंगै नयाँ क्षेत्रहरूमा गएर धेरैभन्दा धेरै मिचिबिकी गरी होजाईन र जुन होजासुहरू उत्पादन गर्ने प्रतिज्ञा गर्दछु ।

धन्यवाद ! नमस्कार ।

**श्री केतारनाथ मौर्य**
**होजाशु – यूराशिया रेयूकाई २२औं शाखा**

# यूराशिया रेयूकाई युवाको स्वरूप

स्वयम् आफूलाई टल्काई आफ्नो घर-परिवार, समाज, देश र विश्वमा योगदान दिनसक्ने व्यक्ति बन्नको लागि हरेक-हरेक दिन रेयूकाई शिक्षालाई कार्यान्वयन गरी कार्यान्वयन गराई परिणाम देखा पार्ने उदाहरणीय युवा बनौं ।

- अरूको जीवनलाई पनि महत्व दिई अरूप्रति सोच्ने भावना भएको युवा बनौं ।
- सधै असन्तुष्ट रहेर समाजदेखि टाढा हुने नभई स्वयम् आफैंबाट क्रियाशील भई कृयाकलाप गर्ने मौका पाई उज्यालो भविष्य निर्माण गर्दै जाने उत्साही युवा बनौं ।
- मुस्कानयुक्त अनुहारले सबैलाई हितैषी बनाई धेरैभन्दा धेरै व्यक्तिको भावना ग्रहण गर्नसक्ने युवा बनौं ।
- समाज, देश र विश्वको भविष्यको कुरा विचार गरी पूर्खाप्रति कृतज्ञ भई स्वयम् आफैंबाट लागिपरि आफ्नो देशको भविष्यलाई तान्दै विश्वशान्ति निर्माणमा योगदान दिन सक्ने युवा बनौं ।
- समाज परिवर्तनको संवाहकको रूपमा हामी एक-एक जनाले लोकहितकारी बोधिसत्व बन्ने लक्ष्य लिई अभ्यास गर्न सक्ने युवा बनौं ।
- घरपरिवारको शान्ति, समाजको शान्ति र विश्वशान्तिलाई वास्तविक रूपमा कार्यान्वयन गर्न सक्ने युवा बनौं ।

# बुद्ध जयन्ती तथा म्योईचिकाई (बालबालिका) भेला

शाक्यमुनि बुद्धको २५५६औं जन्म-जयन्तीको उपलक्ष्यमा यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको दयालाई ग्रहण गर्ने मौका पाई गत मे ६, २०१२ का दिन यूराशिया रेयूकाई नेपाल र भारतका मिहाता शाखाहरू तथा संस्कृति केन्द्रहरूका १,९२६ जना बाल-बालिकाहरू तथा ६०६ जना अभिभावकहरू गरी २५३६ जनाको उपस्थितिमा बेबी बुद्धको प्रतिमामा गुलियो कालो चिया खन्याएर म्योईचिकाई (बालबालिकाहरू) को भेला सम्पन्न गरियो । भेलामा अभिभावक र बच्चा बीचको सम्बन्ध, अभिभावक र पूर्खाहरूप्रति कृतज्ञता ज्ञापन गर्ने तथा शिष्टताको बारेमा कार्यक्रम संयोजकद्वारा जानकारी गराईएको थियो । भेलामा यूराशिया रेयूकाई युवा विभागबाट "युवा सामाजिक सेवा कोष" खडा गर्ने उद्देश्यले सञ्चालित खुत्रुके बचत योजना लागू गरी सो दिनसम्म जम्मा भएको खुत्रुकेलाई भेलामा उपस्थित बालबालिकाहरूद्वारा फुटाउने कार्य भयो । सम्पूर्ण मिहाता शाखाहरू र नेपालस्थित विभिन्न संस्कृति केन्द्रहरूमा गरी बचत योजनाको पहिलो चरणमा जम्मा रू. ४५,९५६/९० संकलन भएको थियो । संकलित रकम दैवी प्रकोप पीडितहरूको लागि राहत स्वरूप सहयोग उपलब्ध गराउने लक्ष्य रहेको छ ।



# यूराशिया रेयूकाईद्वारा सम्पन्न गरिएको विभिन्न क्रियाकलापहरूको झलकः



यूराशिया रेयूकाई ११औं शाखा, मधुमेह रोग तथा खाद्य सचेतना कार्यक्रम (१९ मे २०१२, धोबिधारा, काठमाडौं)



यूराशिया रेयूकाई १३औं शाखा, युवा महिला भेला (२१ अप्रिल २०१२, बनियाँ, कैलाली)



यूराशिया रेयूकाई १५औं शाखा, युवा सदस्य भेला (४ फेब्रुअरी २०१२, विराटनगर)



यूराशिया रेयूकाई १७औं शाखा, एक महिने वेटर्स तालिम (२८ मे २०१२, सिद्धार्थनगर)



यूराशिया रेयूकाई २१औं शाखा, अस्पताल सरसफाई तथा फलफुल वितरण कार्यक्रम (१९ मे २०१२, सिलिगुडी)



यूराशिया रेयूकाई २२औं शाखा, महिला भेला (११ फेब्रुअरी २०१२, हरिहरपुर, कपिलवस्तु)



यूराशिया रेयूकाई २५औं शाखा, रेयूकाई परिचयात्मक भेला (१६ फेब्रुअरी २०१२, पनौती, काभ्रे)



यूराशिया रेयूकाई २८औं शाखा, युवा सदस्य अभ्यास भेला (१६ मार्च २०१२, अमरदह, मोरङ्ग)



द रेयूकाई बंगलादेश, बाल प्रतिभा कार्यक्रम (२६ मार्च २०१२, बंगलादेश)



यूराशिया रेयूकाई म्यानमार, सरसफाई कार्यक्रम (म्यानमार)



यूराशिया रेयूकाई बिजनबारी संस्कृति केन्द्र, स्वास्थ्य शिविर तथा जनचेतना कार्यक्रम (१८ मे २०१२, बिजनबारी)



यूराशिया रेयूकाई विलासपुर संस्कृति केन्द्र, निःशुल्क स्वास्थ्य परीक्षण (२० मे २०१२, विलासपुर)

## यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूबाट मनोनित



श्री प्रवीण कुमार गुरूङ्ग र श्री भीम बहादुर गुरूङ्ग
यूराशिया रेयूकाई उपाध्यक्ष (८ अप्रिल २०१२)



श्री पञ्चम नारायण सिंह, श्री रोशनराज मुडभरी र श्री उमाशंकर पौड्याल
यूराशिया रेयूकाई प्रशासन बोर्ड पदाधिकारी (२० अप्रिल २०१२)

प्रकाशकः
**यूराशिया रेयूकाई**
५८-डा. पारसमणि सरणी, सिलिगुडी, वार्ड नं. ४१,
पश्चिम बंगाल, भारत ।
फोन : ००९१-३५३-२५४४७१६,
फ्याक्स : ००९१-३५३-२५४४९०८

यूराशिया रेयूकाई योजना विकास
प्रकाशन समिति

*यो पत्रिका आफूले पढिसकेपछि कृपया अरूलाई पनि पढ्ने मौका दिऔं ।*